८) **यो औषधि कति पटक कति मात्रा खानु पर्दछ ?**

यो औषधि वर्षको एक मात्रा लगातार ६ वर्ष सम्म खानु पर्दछ ।

**उमेर अनुसार औषधिको मात्रा**

| उमेर (वर्षमा) | डी.ई.सी. (१०० मि.ग्रा./सानो चक्की) | अल्बेन्डाजोल (४०० मि.ग्रा./ठूलो चक्की) |
|---|---|---|
| २ देखि ५ | १ चक्की ⊘ | एक चक्की ⊘ |
| ६ देखि १४ | २ चक्की ⊘⊘ | एक चक्की ⊘ |
| १५ वर्ष माथि | ३ चक्की ⊘⊘⊘ | एक चक्की ⊘ |

*यो औषधि खाना वा नास्ता सँगै अथवा खाए पछि खानु पर्दछ । खाली पेटमा औषधि खानु हुँदैन ।*

१०) **यी औषधिहरु कहाँ कहाँ पाइन्छन् ?**

यी औषधिहरु नेपाल सरकारले प्रत्येक वर्ष हात्तिपाइले (फाइलेरिया) रोग निवारण दिवसको दिनमा तालिम प्राप्त औषधि खुवाउने जनशक्ति मार्फत टोलको पाएक पर्ने स्थान वा घर दैलोमा नै उपस्थित भै निःशूल्क खुवाउने गरिन्छ । यो कार्यक्रमको अघि पछि पनि औषधिको आवश्यकता भएमा स्थानीय सरकारी स्वास्थ्य संस्थामा सम्पर्क गरी औषधि पाउन सकिन्छ ।

११) **यो औषधि सेवनबाट केही असर पनि हुन्छन् की ?**

डी.इ.सी र अल्वेन्डाजोल दुवै औषधि राम्रा र सुरक्षित औषधि हुन । यी औषधि सेवन पश्चात कसै कसैलाई सामान्य टाउको दुख्ने, पेट दुख्ने वा पखाला लाग्ने हुन सक्छ । साथै शरिरमा फाईलेरिया परजिवी भएकाहरुलाई उक्त परजिवीको मृत्यु हुँदा कसै कसैलाई ज्वरो आए जस्तो हुने, टाउको दुख्ने, बाक बाकी लाग्ने, बान्ता हुने, पेट डुम्म परे जस्तो हुन सक्छ तर यस्ता असर एक दुई दिन पछि स्वतः निको भएर जान्छन् । यस्ता असर देखिएमा औषधि प्रभावकारी छ, शरिरमा भएको परजिवी नष्ट हुदैछ भन्ने बुझ्नु पर्दछ ।

१२) **केही अवाञ्छित असर देखियो भने के गर्ने ?**

औषधिको अवाञ्छित असरको साथै शरिरमा भएको परजिवीको संख्या कम बढी भए अनुसार अवाञ्छित असर पनि कम बढी नै देखिने गर्दछ । उल्लेखित असरहरु सामान्य छन् भने प्रसस्त पानी पिउने र घरमै आराम गरी वस्नु पर्दछ तर असर अलि बढी देखिएमा नजिकको स्वास्थ्य संस्था वा अस्पतालमा सम्पर्क गरी सल्लाह तथा उपचार गर्नु पर्दछ ।

१३) **हातिपाइले (फाइलेरिया) रोग निवारण अभियानमा दुवै थरी औषधि किन दिइन्छ ?**

दुवै थरी औषधि सँगै/एकै पटक सेवन गर्दा फाईलेरिया परजिवि नष्ट गर्न बढी प्रभावकारी भएको अध्ययनहरुले देखाएको हुँदा यो रोग निवारण कार्यक्रममा दुवै औषधि सँगै प्रयोग गर्नु पर्ने हुन्छ । आम औषधि सेवनमा दुबै थरी औषधिको प्रयोगबाट पेटमा हुने अन्य जुकाहरुलाई पनि नष्ट गर्ने भएकोले मानव स्वास्थ्यमा थप सकारात्मक प्रभाव पर्दछ ।

**वर्षको एक मात्रा औषधि लगातार ६ वर्षसम्म सेवन गरी**
**हातिपाइले (फाइलेरिया) रोग हुनबाट बचौं र बचाऔं ।**
**नेपाल र विश्वबाट सन् २०२० सम्ममा हातिपाइले (फाइलेरिया) रोग निवारण गरौं ।**

# हात्तीपाइले (फाईलेरिया) रोग निवारण कार्यक्रमबारे जानकारी



नेपाल सरकार
स्वास्थ्य मन्त्रालय
**स्वास्थ्य सेवा विभाग**
इपिडेमियोलोजी तथा रोग नियन्त्रण महाशाखा
**हात्तीपाइले (फाईलेरिया) रोग निवारण कार्यक्रम**
फोन : ४२५५७९६, फ्याक्स : ४२६२२६८
टेकु, काठमाडौं
२०७३

१) **हात्तीपाइले रोग (लिम्फ्याटिक फाईलेरिया) कस्तो रोग हो ?**

हात्तीपाइले (फाईलेरिया) सरुवा रोग हो । यो रोग एक प्रकारको मसिनो धागो आकारको उच्चेरेरिया बाँन्क्रोफ्टी नामको परजिवीबाट लाग्दछ । यो परजिवी एक व्यक्तिबाट अर्को व्यक्तिमा लामखुट्टेको टोकाईबाट सर्ने गर्दछ ।

२) **यो रोग कस्तो व्यक्तिलाई लाग्छ ?**

यो रोग जुनसुकै उमेरको जोसुकैलाई पनि हुन सक्छ । लामखुट्टेको टोकाईबाट रोग सर्ने भएको हुँदा केटाकेटीहरु बढी जोखिमपूर्ण हुन्छन् । तर रोगको लक्षण भने जवान (वयस्क) भएपछि मात्र देखिन सक्छ ।

३) **यो रोगको लक्षणहरू के के हुन् ?**

हात्तीपाइले (फाईलेरिया) रोगको परजिवी शरीरभित्र भए पनि मानिसहरू बाहिरबाट स्वस्थ नै देखिएका हुन्छन् तर रोगका परजिवीले भित्री अंगहरुलाई बिस्तारै क्षति पुऱ्याइरहेको हुन्छ । जस्तैः मृगौला खराब भएर पिसाब सम्बन्धी रोग लाग्ने ।

**बाहिर देखिने रोगका लक्षणहरु :**

तत्काल देखिने लक्षणहरु

- जाडो लागि ज्वरो आउनु र शरीरमा कम्पन हुनु.
- लिम्फ नलीहरू सुन्निनु, रातो भई दुख्नु, हातगोडामा नीलाकाला धर्साहरू देखिनु.
- गिर्खाहरू बढ्नु, दुख्नु.
- पुरुषको अण्डकोष वरपरका नसाहरू फुल्नु/दुख्नु.

दीर्घकालिन रुपमा देखिने लक्षणहरु

- अण्डकोष ठूलो हुनु, दुख्नु, गिर्खाहरू भेटिनु, पछि हाइड्रोसिल अर्थात् अण्डकोष वरिपरि पानी भरिनु ठूलो हुनु.
- महिलामा यौनाङ्ग अथवा स्तन सुन्निनु/दुख्नु.
- खुट्टा सुन्निएर हात्तीपाइले हुनु.
- हात सुन्निनु.
- पिसाब सेतो वा रातो आउनु.
- लामो समयसम्म सुख्खा खोकी लागिरहनु, दम बढ्नु, रगतमा इयोसिनोफिलको मात्रा बढ्नु.
- यो रोग लागेपछि बिरामीले दैनिक जीवनका क्रियाकलाप गर्न असक्त (असमर्थ) हुँदै जान्छ । पछि अपाङ्ग समेत हुँदा आर्थिक, सामाजिक, मानसिक रूपमा आफू, परिवार अनि समाज तथा देशलाई थप बोझ (भार) पर्ने हुन्छ ।

४) **विश्वमा हातीपाइले (फाइलेरिया) रोगको वस्तुस्थिति :**

हात्तीपाइले (फाईलेरिया) रोग विश्वका ७० भन्दा बढी मुलुकहरूमा पाइएको छ । यी देशहरूमा वसोबास गर्ने एक अरब चालिस करोड भन्दा वढी मानिसहरू यो रोगको संक्रमणको जोखिममा रहेका छन् । हाल १२ करोड मानिसहरू यो रोगबाट संक्रमित भएको अनुमान गरिएको छ । यस मध्ये १.५ करोड मानिसहरुमा हात्तीपाईले र २.५ करोडमा अण्डकोष तथा यौनाङ्ग सुन्निएको पाईएको छ । बाँकी दुई तिहाई मानिसहरूमा (८ करोड) साधारण खाले लक्षणहरू वा बाहिरी लक्षणहरु नदेखिएको अवस्थामा छन् । हात्तीपाइले (फाईलेरिया) रोगबाट प्रभावित मुलुकहरू मध्ये धेरै जसो दक्षिण अमेरिका, अफ्रिका, दक्षिण पूर्व एशिया र पश्चिमी प्रशान्त एशियाका अधिकांश सर-सफाईको कमी भएका गरिब मुलुकहरु पर्दछन् । चीन, जापान, कोरिया तथा ताइवान लगायतका देशहरुले हात्तीपाइले (फाईलेरिया) रोग लाई निवारण गरी सकेका छन् भने श्रीलङ्का, माल्दीप्स, थाईल्याण्ड लगायतका देशहरुले आम औषधि सेवनको चरण पुरा गरी निवारणको प्रक्रियामा छन् । त्यस्तै छिमेकी मूलुक भारत, बङ्गलादेश म्यानमार लगायतका देशहरुमा हाल आम औषधि सेवन अभियान सञ्चालन भई रहेको छ ।

५) **हात्तीपाइले (फाइलेरिया) रोग निवारण कार्यक्रम के हो र यसका उद्देश्यहरु के-के छन् ?**

हात्तिपाइले (फाइलेरिया) रोग निवारण कार्यक्रम रोगबाट प्रभावित विश्वका सबै मुलुकहरुबाट सन २०२० भित्र हात्तिपाइले (फाइलेरिया) रोग निवारणार्थ विश्व स्वास्थ्य संगठनको रणनिति अनुसार ७० भन्दा बढी मुलुकमा संचालन भै रहेको विश्वब्यापी कार्यक्रम हो ।

हात्तीपाइले रोग निवारण कार्यक्रमका उद्देश्यहरु :

- हात्तीपाइले (फाईलेरिया) रोग फैलनुबाट रोक्नु र विरामीको संख्यामा कमी ल्याउनु ।
- हात्तीपाइले (फाईलेरिया) रोगका विरामीहरूलाई दीर्घरोग, असक्त र कुरूपता हुनबाट बचाउनु । एकीकृत भेक्टर ब्यबस्थापन (Integrated Vector Management) पनि यो रोग निवारण गर्ने अतिरिक्त रणनिती रहेको छ ।

६) **यो कार्यक्रम अन्तर्गत खुवाइने औषधिहरू कुन कुन हुन् ?**

यो कार्यक्रम अन्तर्गत खुवाईने औषधिहरु दुई प्रकारका छन ।

(क) डी.ई.सी. (डाइईथाइलकार्बामाजिन) चक्की - यो औषधि ५० वर्ष भन्दा अगाडी देखि उपचारार्थ प्रयोगमा आइरहेको औषधि हो ।

ख) अलवेन्डाजोल चक्की - यो औषधि पनि २५ वर्ष भन्दा अगाडी देखि पेट र आन्द्रमा हुने विभिन्न खालका जुकाको लागि प्रयोगमा आइरहेको औषधि हो ।

७) **यो औषधि कस कसले सेवन गर्नुपर्ने हो ?**

यो औषधि हात्तिपाइले (फाइलेरिया) रोगबाट प्रभावित रहेका जिल्ला भित्र बसोवास गर्ने दुई वर्ष मुनिका बच्चाहरु, गर्भवती महिलाहरु, सिकिस्त बिरामीहरु र छारे रोगका बिरामीहरु बाहेक सबै व्यक्तिहरुले सेवन गर्नु पर्ने औषधि हो ।

८) **यो औषधि सेवन गर्न नहुने अवस्थाहरू के के हुन् ?**

यो औषधि सेवन गर्न नहुने अवस्थाहरू निम्नलिखित छन् :

क. दुई वर्ष नपुगेका केटाकेटीहरू

ख. गर्भवती आमाहरू र ७ दिनसम्मका सुत्केरी आमाहरू

ग.१ सिकिस्त विरामीहरू (जसले दैनिक क्रियाकलाप गर्न सक्दैन, ओछ्यनमा परेको, कुनै कडा रोगको लागि औषधि सेवन गरिरखेको जस्तै-क्यान्सर, मुटु रोगी, कलेजो रोगी, मृगौला रोगी, फोक्सोको दिर्घ रोगी, २४ घण्टा भित्रमा ज्वरो आएका मानिसहरु, कडा कुपोषण भएका ५ वर्ष मुनिका बालवालिकाहरु)

ग.२ छारे रोगका बिरामीहरु

Scanned by CamScanner